# सुन्दरहरैँचा नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट कार्यान्वयनको बार्षिक समिक्षात्मक कार्यक्रमको प्रस्तुती

**(मितिः २०८२ भाद्र ८ गते)**

**(स्थानः सुन्दरहरैँचा नगरपालिकाको सभाहल, विराटचोक, मोरङ)**


विनोद कुमार न्यौपाने


(प्रमुख प्रशासकीय अधिकृत)

**विवरण प्रस्तुतकर्ता**

संजीव पौड्याल

(योजना तथा अनुगमन - अधिकृत)

# सुन्दरहरैंचा नगरपालिकाको नक्सा



# परिचय

- मिति २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णय बमोजिम सुन्दरहरैँचा नगरपालिकाको गठन भएको हो।
- साविक कोशीहरैँचा नगरपालिका (साविकका गाँउ विकास समितिहरुः- इन्द्रपुर, हरैँचा र मृगौलिया) र साविक सुन्दरदुलारी नगरपालिका (साविकका गाँउ विकास समितिहरुः- दुलारी र सुन्दरपुर) समायोजन भई सुन्दरहरैँचा नगरपालिका निर्माण भएको हो।

**भौगोलिक अवस्थितिः-**

- यस नगरपालिकामा १२ वटा वडाहरु रहेका छन्,
- उत्तरी अक्षाशः- २६.६६ डिग्री
- पूर्विय देशान्तरः- ८७.३८ डिग्रीमा अवस्थित रहेको,
- क्षेत्रफल ११०.१६ बर्ग कि.मी. मा फैलिएको,
- कोशी प्रदेशको राजधानी विराटनगरबाट १९ कि.मी. उत्तर तर्फ रहेकोछ,
- उचाईः- समुन्द्र सतह देखि ८३ मिटर देखि १४० मिटर सम्म रहेको,

**सिमानाः**

- पूर्वः- बेलबारी नगरपालिका
- उत्तरः- केराबारी गाउँपालिका
- पश्चिमः- इटहरी उप-महानगरपालिका
- दक्षिणः- ग्रामथान गाउँपालिका र बुढी गंगा गाउँपालिका

**जनसंख्या (वि.सं. २०७८ अनुसार)**

- कुल जनसंख्याः १,२०,२१३
- महिलाको संख्याः ६३,२३२
- पुरुषको संख्याः ५६,९८१
- घरधुरी संख्याः २९,८२६

# महत्वपूर्ण पर्यटकिय स्थलहरू तथा अन्य पूर्वाधार निर्माण:

- वडा नं. १ मा रहेको किचकगढी
- वडा नं. ३ मा रहेको शेषनारायण धाम
- वडा नं. ५ मा  रहेको हसिना सिमसार (४९ हेक्टरमा फैलिएको)
- वडा नं. ५ मा रहेको नयाँ बृन्दावन गौशला (सुरुमा ४ कठ्ठाबाट निर्माण शुरु गरिएको यो धार्मिक स्थल अहिले ७ बिघा भन्दा बढी क्षेत्रफलमा फैलिएको, प्रमुख आकर्षणः- विश्वकै अग्लो/ठुलो गाईको प्रतिमा रहेको तथा राधाकृष्णको ठुलो मन्दिर समेत रहेकोछ)
- वडा नं. १० मा रहेको बाघ झोडा सिमसार (७ बिघा ५ कठ्ठा २ धुरमा फैलिएको)
- वडा नं. ६, ७ र ८ मा ९.७४ कि.मि. आधुनिक सुबिधा सम्पन्न ड्रेन तथा स्ट्रिट लाइट सहितको कालोपत्रे निर्माण भइरहेको।
- वडा नं. ७ मा ४० मेट्रिक टनको चिस्यान केन्द्र निर्माण भएको।

# शौक्षिक संस्थाहरु

- वडा नं. ७ र ८ मा पूर्वाञ्चल विश्व विद्यालयको केन्द्रिय कार्यालय रहकोछ,
- वडा नं. १२ मा सुकुना बहुमुखी क्याम्पस (M.Ed र MBS सम्मको पढाई हुने गरेको) रहकोछ,
- सामुदायिक विद्यालयको संख्याः ३६ (मदरसा-१ र गुरुकुल-१),
- संस्थागत विद्यालयको संख्याः ४४,
- वडा नं. १० मा रहेको सुकुना माध्यमिक विद्यालय विद्यार्थी भर्न संख्याको आधारमा नेपालकै उत्कृष्ट १० मा पर्ने गरेको (नमुना विद्यालयको रूपमा सञ्चालित, प्राविधिक शिक्षा समेत प्रदान गर्ने गरेको),
- वडा ५ मा रहेको साजिलाल माध्यमिक विद्यालय बिग स्कुलको अवधारणामा जाँदै गरेको जसमा प्राविधिक धारका साथै शिक्षासँगै कृषि उत्पादनमा विद्यार्थीहरु जोडिएका,
- वडा नं. ७ मा पञ्चायत माध्यमिक विद्यालयको आधुनिक विद्यालय भवन निर्माण भइरहेको ।

# स्वास्थ्य सेवा तर्फ

- MDGP विशेषज्ञ सहितको १५ बेडको नगर अस्पताल सञ्चालनमा रहेको तथा नगर अस्पतालको सेवा केन्द्रको रूपमा स्वास्थ्य केन्द्र दुलारीबाट MBBS डाक्टर सहितको सेवा रहेको,
- वडा नं. ३ मा आरोग्य केन्द्र सञ्चालनमा रहेको,
- पूर्वाञ्चल विश्व विद्यालयमा १०० बेड सम्मको अस्पताल (बर्षिक – ५० जना डाक्टर पढाउने कोटा रहेको) समेत सञ्चालनमा रहेको,
- प्रत्येक वडामा स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेको,
- वडा नं. १ मा १५ बेडको सुन्दरहरैँचा नगर अस्पताल निर्माण भई रहेको ।

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी: २३१ हाल कार्यरत:- २२८<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण प्रतिवेदन १४ औं नगरसभाबाट स्वीकृत भएको। |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासनिक भवनः साविक कोशीहरैँचा नगरपालिकाको कार्यालयबाट हाल सेवा प्रवाह भई रहेको तथा साबिक सुन्दरदुलारी नगरपालिकाको कार्यालयमा समेत केही शाखा रहेको र वडा नं. ८ मा सुन्दरहरैँचा नगरपालिकाको प्रशासनिक भवन बनाउने तयारी हुँदै गरेको।<br>ख. आफ्नै वडा कार्यालयः भएको वडा संख्या ९ (नभएको वडा संख्या ३ (वडा नं. ७,१० र १२)<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्याः सबै वडामा सडक पुगेको। |
| ३ | कानून निर्माणको अवस्था<br>(आ.व. २०८१ सालमा निर्माण गरिएका) | क. ऐनको संख्याः नयाँ - ५ (संशोधन - ४) जम्मा - ९ ख. नियमावलीको संख्याः नयाँ ४<br>ग. कार्यविधि संख्याः नयाँ - ४ घ. निर्देशिकाको संख्याः -<br>ङ. मापदण्डः नयाँ – २ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजनाः नवनेको तर आयोजना बैंक मार्फत आयोजनाहरु कार्यान्वयन हुने गरेको।<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचनाः कार्यान्वयनमा ल्याउन नसकिएको।<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरणः बनेको।<br>घ. भूउपयोग योजनाः बनेको।<br>ङ. स्थानीय भवन निर्माण मापदण्डः बनेको।<br>च. राजस्व सुधार कार्ययोजनाः बनेको।<br>छ. आन्तरिक नियन्त्रण प्रणालीः बनेको। |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क ८४.५% (आ.ब. २०८०/०८१) मिति २०८२/०५/०६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुणस्तर परिक्षण पश्चात प्रकाशन गरेको प्रतिवेदन अनुसार)<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क ७६.५ % (गुणस्तर परीक्षण पश्चात) (आ.ब. २०८०/०८१)<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टीः गर्ने गरेको । |
| ७ | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो/मुद्दाको संख्या (आ.व. २०८१/०८२):- १०९ वटा (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) अनुसार – ३४ वटा र दफा ४७(२) - मेलमिलापबाट – ७५ वटा)<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी/गुनासो/मुद्दाको संख्या (आ.व. २०८१/०८२):- ७७ वटा (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) अनुसार – २४ वटा र दफा ४७(२) - मेलमिलापबाट – ५३ वटा)<br>ग. फछ्यौंट हुन बाँकी उजुरी/गुनासो/मुद्दाको संख्या (आ.व. २०८१/०८२ मा):- ३२ वटा (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) अनुसार – १० वटा र दफा ४७(२) - मेलमिलापबाट – २२ वटा) |
| ८ | बेरुजु सम्वन्धी | क. आ.व. २०७४/०७५ देखि आ.व.२०८१/०८२ सम्मको कायम कुल वेरुजु रकम रू. ५७ करोड १७ लाख ६८ हजार ५५२<br>ख. आ.व. २०८१/०८२ मा फछ्यौंट भएको बेरूजु रकम रू. ३२ करोड ७८ लाख २४ हजार ९०६<br>ग. फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम रू. २४ करोड ३९ लाख ४३ हजार ६४६ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः आफ्नै भएको<br>ख. फोहोर प्रशोधन केन्द्रः नभएको<br>ग. स्यानीटरी ल्याण्डफिल साईटः भएको |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः १२ (शुत्र-लेखा/राजश्व, PAMS, EMIS,HMIS, ई-हाजिरी, दर्ता-चलानी,ई-बोलपत्र, उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको सम्झौता, कृषिको तथ्याङ्का लागि कृषि नियन्त्रण प्रणाली, न्यायिक समितिमा फिरादपत्र दर्ता, अपाङ्गता परिचय पत्र, EBPS - Online नक्सा पास लागायतका सेवा)<br>ख. नागरिक वडापत्रः QR सहितको नगरिक बडापत्र रहको<br>ग. सूचना अधिकारीः तोकेको (आ.व. २०८१/०८२ मा माग भएको सूचनाको संख्या – ७)<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः भएको<br>ङ. निगरानी निकाय तथा कार्यालयमा प्राप्त (दर्ता भएको) उजुरी/गुनासो संख्याः - फछर्यौट संख्याः - |
| ११ | अभियानमूलक कार्यक्रम | क. वालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाका लागि सुन्दरहरैंचा नगरपालिकाको प्रतिवद्धता गर्ने अभियानको थालनी मिति २०८१/०३/०२ गते भएको त्यसै दिनको कार्यक्रमले मिति २०८३/०२/०९ गते भित्र बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष राखेको ।<br>ख. पोषणमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः नभएको ।<br>ग. वालश्रम मुक्त स्थानीय तह घोषणा भएको वडाको संख्याः नभएको । |

# आर्थिक वर्ष (२०८१/०८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | | रू. १९ करोड ४ लाख ९३ हजार ७६० | रू. १५ करोड ३५ लाख ४९ हजार ३२७ | ९६.३५ % |
| | प्रदेश | | रू. १ करोड ३३ लाख ७० हजार | रू. १ करोड ३ लाख ७६ हजार ३५ | ७७.६० % |
| सशर्त अनुदान | सङ्घ | चालु | रू. ३३ करोड ४ लाख ३५ हजार १०० | रू. ३१ करोड १३ लाख ८२ हजार ७२१ | ९४.२३ % |
| | | पुँजीगत | रू. ३४ करोड ६३ लाख ३० हजार ७६० | रू. २१ करोड ४ लाख ९२ हजार ९५४ | ७०.७८ % |
| | प्रदेश | चालु | रू. ३८ लाख | रू. ३५ लाख ४६ हजार ४५७ | ९३.३३ % |
| | | पुँजीगत | रू. १ करोड ९ लाख | रू. ८२ लाख १९ हजार ३९४ | ७५.४१ % |
| समपुरक अनुदान | सङ्घ | | रू. १ करोड ४५ लाख | रू. १ करोड ४५ लाख | १०० % |
| | प्रदेश | | रू. १ करोड ३० लाख | रू. १ करोड ११ लाख ७२ हजार ८४१ | ८५.९५ % |
| विशेष अनुदान | सङ्घ | | रू. २ करोड ४६ लाख | रू. २ करोड ४५ लाख ११ हजार ६६२ | ९९.६४ % |
| | प्रदेश | | - | - | - |
| राजश्व बाँडफाँडबाट प्राप्त | सङ्घ | | रू. १४ करोड ७७ लाख ८० हजार १८० | रू. ९ करोड २१ लाख ३२ हजार २१६ | ६२.३४ % |
| | प्रदेश | | रू. १ करोड ८२ लाख ६५ हजार ६२५ | रू. ६८ लाख ८३ हजार ५६७ | ३७.६९ % |
| रोयल्टी (बन रोयल्टी-सङ्घ) | | | रू. ६ लाख ८३ हजार १४० | रू. १ लाख ८० हजार | २६.३५ % |
| आन्तरिक स्रोत (स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र) | | | रू. १४ करोड ६९ लाख ४३ हजार ७६१ | रू. ११ करोड ८५ लाख १ हजार ९४२ | ८०.६४ % |
| अन्य (अ.ल्या. भए खुलाउने ) | | | रू. १७ करोड ४० लाख ६० हजार ७५० | रू. १४ करोड ६९ लाख ४३ हजार ७६१ | |
| ऋण (नगर विकास कोष मार्फत प्राप्त) - (आ.व. २०८१/०८२ असार मसान्त सम्मको) (मिति २०८२/०२/०७ गतेको पत्रानुसार) | | | रू. ६ करोड ९२ लाख ५० हजार ७१०/५४ | - | - |
| जम्मा (ऋण बहेक) | | | १ अर्ब ३९ करोड ६७ लाख ४० हजार ७६९ | १ अर्ब ७ करोड ३४ लाख ५० हजार २१६ | ७६.८५% |

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था (आ.व. २०८१/०८२)

| क्र.सं. | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | आर्थिक विकास (बजेट विनियोजनको भार – १.२२%) | रू. १ करोड ९७ लाख ४ हजार | रू. २६ लाख | रू. १ करोड ३३ लाख ८२ हजार ९६० | रू. १९ लाख ४९ हजार २३४ | ६७.९२ % | ७४.९७ % | |
| २ | सामाजिक विकास (बजेट विनियोजनको भार – २६.३८ %) | रू. ४४ करोड ७१ लाख ६४ हजार | रू. ३ करोड ५३ लाख ६० हजार | रू. ३७ करोड ८९ लाख ४१ हजार ९९१ | रू. २ करोड ८७ लाख ७ हजार ३९३ | ८४.७४ % | ८१.१९ % | |
| ३ | पूर्वाधार विकास (बजेट विनियोजनको भार – ५५.६९ %) | रू. ४५ लाख ९२ हजार ६०५ | रू. १ अर्ब १ करोड ३९ लाख ४० हजार ४४४ | रू. ३४ लाख ६० हजार ३०० | रू. ४९ करोड ९० लाख ५२ हजार ३२६ | ७५.३४ % | ४९.२२ % | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन (बजेट विनियोजनको भार – १.२३ %) | रू. २ करोड २४ लाख ७५ हजार | - | रू. ३४ लाख ४० हजार ९०४ | - | १५.३१ % | - | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास (बजेट विनियोजनको भार – १.१७ %) | रू. २ करोड १३ लाख ९८ हजार ७०० | - | रू. १ करोड ३२ लाख २५ हजार १९४ | - | ६१.८० % | - | |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (बजेट विनियोजनको भार – १४.३१ %) | रू. २४ करोड २२ लाख ४ हजार ९९९ | रू. १ करोड ३० लाख | रू. १९ करोड ६३ लाख ६ हजार ४४१ | रू. १ करोड १५ लाख १५ हजार १०२ | ८१.०५ % | ८८.५८ % | |
| ७ | वित्तीय व्यवस्थापन | रू. ६५ लाख | | रू. ६५ लाख | | १००% | | |
| जम्मा (वित्तीय व्यवस्थापन बाहेक) | | रू. ७५ करोड ७५ लाख ३९ हजार ३०४ | रू. १ अर्ब ६ करोड ४९ लाख ४४४ | रू. ६० करोड ८७ लाख ५७ हजार ७९० | रू. ५४ करोड ११ लाख ८६ हजार ९२१ | ८०.३६ % | ५०.८२ % | |

# आर्थिक वर्ष २०८१/८२ को मुख्य उपलब्धीहरु

| सि. नं | सूचक | वेसलाईन (आ.व. २०८०/८१ सम्मको अवस्था) | आ.व. २०८१/०८२ को प्रगति | आ.व. २०८१/०८२ को सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (कालोपत्रे/पेवल्स/ढलान) (मिटरमा) | | ६,९८२/५,३३२/२७० | |
| २ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक कालोपत्रे मर्मत (मिटरमा) | | २,१७५ | |
| ३ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक उच्च स्तरिय ग्राभेल (मिटरमा) | | २३,६८५ | |
| ४ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक एजिङ्ग (मिटरमा) | | २३,८१३ | |
| ५ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक ड्रेन निर्माण (मिटरमा) | | १,२७९ | |
| ६ | खाने पाइप विस्तार / धारा जडान | | ६,०३५ मि./ १५ वटा | |
| ७ | कृषि बाध/पैनी/कुलो निर्माण (मिटरमा) | | ४६ | |
| ८ | कल्भर्ट निर्माण | | १७ वटा | |
| ९ | विद्यालय भवन निर्मण | | १ वटा | |
| १० | कृषि बजार टहरा निर्माण | | २ वटा | |
| ११ | कंकृट फलैचा (कंकृटको बस्ने बेन्च) | | ५५ वटा | |
| १२ | नदि नियन्त्रण/तटबन्धन (मिटरमा) | | ९९५ | |
| १३ | जग्गा संरक्षण/घेरावेरा गर्ने कार्य (मिटरमा) | | ७१३ | |
| १४ | सामुदायिक भवन निर्मण / शौचालय निर्माण | | १३ वटा / ३ वटा | |
| १५ | मन्दिर/साकेल थान/गुम्बा लगायत धार्मिक स्थल निर्माण | | ४ वटा/२,८२६ मि. | |
| १६ | मर्मत तथा व्यवस्थापन गर्ने कार्य (भवन/गेट/सार्वोजनिक स्थल) | | २८ वटा | |
| १७ | ह्युमपाइप | | ४ वटा | |
| १८ | बोरिङ | | ४ वटा | |
| १९ | सडक बत्ती | | ६०१ वटा | |
| २० | सडक ऐना जडान | | ९ वटा | |

# आर्थिक वर्ष २०८१/८२ को मुख्य उपलब्धीहरु

| सि. नं | सूचक | वेसलाईन (आ.व. २०८०/८१ सम्मको अवस्था) | आ.व. २०८१/०८२ को प्रगति | आ.व. २०८१/८२ को सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | सिंचाई सुविधा पुगेको जमिनको क्षेत्रफल (हेक्टर) | ४७३० | ८० | ४,८१० |
| २ | स्थानीय तहमा दर्ता/सूचीकृत भएका उद्योग/फार्मको संख्या | ८,२८६ | नयाँ व्यवसाय दर्ता - २५२ | व्यवसाय दर्ता - ८,५३८ |
| ३ | सामुदायिक विद्यालयको (माथिल्लो तहमा भर्ना हुन योग्य हुनेगरी) SEE उत्तिर्ण दर | ५९.२% | | |
| ४ | आधारभूत तहको खानेपानी पुगेको घरधुरी प्रतिशत | १००% | १००% | १००% |
| ५ | आधारभूत तहको सरसफाई पुगेको घरधुरी प्रतिशत | ९८% | ९९% | ९९% |
| ६ | रोजगार सूचना केन्द्रमा सूचीकृत वेरोजगारको संख्या | ११७ | १५४ | १५४ |

# स्वीकृत आयोजना तथा कार्यक्रमको विवरण

## बजेटको आधारमा:

| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को आयोजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | १२ |
| २. | २०+ देखि ५० लाखसम्मको आयोजना (२+१२+१) | १५ |
| ३. | ५+ देखि २० लाखसम्मको आयोजना (६०+३३+७) | १०० |
| ४. | ५ लाखसम्म बजेटको आयोजना (१३३+१५+६) | १५४ |
| | जम्मा | २८१ |

## कार्यान्वयन तह/क्षेत्रको आधारमा:

| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को आयोजना संख्या |
|---|---|---|
| १. | नगरपालिका स्तरीय (५६+५७) | ११३ |
| २. | वडास्तरीय (१५३+१५) | १६८ |
| | जम्मा | २८१ |

## आयोजना तथा कार्यक्रम कार्यान्वयन विधि:

| क्र.सं. | बिबरण | आ.व. २०८१/८२ को आयोजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत (सम्झौता भएको – २२५) | १९५ |
| २. | निर्माण व्यवसायी मार्फत (५७+१५) | ७२ |
| ३. | अन्य (बिद्यालय व्यवस्थापन समितिको निर्माण समिति मार्फत) | १४ |
| | जम्मा | २८१ |

# बहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

## आ.व. २०८१/०८२ बाट दायित्व सर्ने बहुबर्षे आयोजना तथा कार्यक्रमको विवरणः

| क्र.सं. | आयोजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन अवधि (आ.व. २०..../... देखि २०८.../...) | कुल लागत | लागत साझेदारी | | | हाल कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | |
| १ | Construction of Building and Other Infrastructure fo Budhabare Agricultural Market, Sudarharaicha-9 (SHM/MOR/NCB/TDF/W/33/2078/079) | 2078/079 to 2082/083 | 11,82,02,611 | संघ | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| २ | RCC Box Culvert Construction Works of Ita bhatta BK ko Ghar Chheuma,sundarharaicha 01 (SHM/MOR/NCB/W-39/2080/081) | 2080/082 to 2082/083 | 28,66,247.28 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ३ | Box Culvert Construction Works of Sajilal School Paschim, Sundarharaicha-06 (SHM/MOR/SQ/W/25/2081/082) | 2081/082 to 2082/083 | 14,39,977.59 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ४ | Construction of RCC Slab Culvert, Karaiwana-Jambandh-Haraicha Road (Jestha Nagarik bhawan Aagadi), Sundarharaicha 01 (SHM/MOR/SQ/W/27/2081/082) | 2081/082 to 2082/083 | 11,61,900.14 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ५ | Construction of Ward Office Premises Sundarharaicha-02 (SHM/MOR/NCB/W/42/2081/082) | 2081/082 to 2082/083 | 15,80,647.37 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ६ | Construction of School Building of Shree Panchayat Ma. Vi. School, Sundarharaicha 07, Morang (SHM/MOR/NCB/W/09/2081/082) | 2081/082 to 2082/083 | 3,28,89,717.82 | भारत सरकार | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ७ | Construction Work of JCI Gachhiya Samudayik Bhawan and Training Centre, Sundarharaicha-03 (SHM/MOR/TMPP/NCB/W/19/2081/082) | 2081/082 to 2082/083 | 51,05,234.48 | संघ | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ८ | Supply and installation of Network Equipment and Service (SHM/MOR/SQ/W/23-2081/082) | 2081/082 to 2084/085 | 5,79,919.31 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ९ | Construction of Truss Building in Second floor of Shree shikshya Niketan Ma. Vi., Sundarharaicha-08 (SHM/MOR/NCB/W/28/2081/082) | 2081/082 to 2082/083 | 31,74,367.98 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |

# बहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

क्रमश........................................ आ.व. २०८१/०८२ बाट दायित्व सर्ने बहुबर्षे आयोजना तथा कार्यक्रमको विवरणः

| क्र.सं. | आयोजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन अवधि (आ.व. २०..../... देखि २०८.../...) | कुल लागत (रू.मा) | लागत साझेदारी | | | हाल कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | |
| १० | Construction of Blacktopped Road of Madhyali Marga, Sundarharaicha-07 (SHM/MOR/NCB/W/29/2081/082) | 2081/082 to 2082/083 | 66,36,049.70 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| ११ | Selection of Firm for Solid Waste Management Service of Sundarharaicha Municipality for PPP Model (SHM/MOR/NCS/45/2081/082) | 2081/082 | - | - | - | स्थानीय | आशय जारी भएको |
| १२ | Construction of Primary Health Post Building, Sundarharaicha-04 (SHM/MOR/NCB/W/50/2081/082) | 2081/082 to 2082/083 | 51,67,650.62 | जि.स.स. | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| १३ | Street Lightining Work with phase Addition and Pole Erection (SHM/MOR/NCB/W/55/2081/083) | 2081/082 to 2082/083 | 44,00,820.50 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| १४ | Construction Works of School Building of Shree Ram Aadharbhut Bidhyalaya, Sundarharaicha-09 (SHM/MOR/NCB/W/76/2081/082) | 2081/082 to 2082/083 | 38,72,779.70 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| १५ | Sukrabare Khelmaidan Stage Nirman, Sundarharaicha-12 (SHM/MOR/NCB/W/75/2081/082) | 2081/082 to 2082/083 | 31,00,000 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| १६ | Public Toilet Construction Work (SHM/MOR/SQ/W/82/2081/082) | 2081/082 to 2082/083 | 38,72,779.70 | - | - | स्थानीय | कार्यान्वयन/काम भई रहेको । |
| १७ | Construction of Administrative Building of Nagar Hospital, Sundarharaicha-1 (SHM/MOR/NCB/W/17/2081/082) | 2081/082 to 2083/084 | 6,51,53,880.04 | संघ | - | - | कार्यान्वयन/काम भई रहेको । |

# बहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

## समस्याग्रस्त आयोजना/कार्यक्रमको विवरणः

| क्र.सं. | आयोजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन शुरू भएको बर्ष | हाकको अवस्था | जम्मा लागत (रू.मा) | स्रोत |
|---|---|---|---|---|---|
| १ | Construction of Hasina Simsar Park Works, Sundarharaicha-05 (SHM/MOR/NCB/W/51/2077/78) | 2077/078 | केन्द्रले बजेट नपठाएको भएर हाललाई म्यादथप नभएको | 5,39,74,081.9 | संघ र स्थानीय |
| २ | Black Top Road Construction Work Of Laxmipur - Haraincha-Sagarmatha Chowk Road and Kumar Gaun Road Sundarharaincha 01 (SHM/MOR/NCB/W/22/2078/079) | 2078/079 | पूर्व निर्धारित क्षतिपूर्तिको समयमा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पादन जमानत जफत गरिएको | 1,47,48,597.1 | स्थानीय |
| ३ | Black Top Road Construction Work Of Salakpur - Paccham Road Sundarharaincha 10 , 11 (SHM/MOR/TMPP/NCB/W/23/2078/079) | 2078/079 | पूर्व निर्धारित क्षतिपूर्तिको समयमा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पादन जमानत जफत गरिएको | 1,37,76,030.1 | स्थानीय |
| ४ | Blacktop Road Construction Works Of Dhati Bhutahi tole Hulaki Marga Road Sundarharaicha -02,11 (SHM/MOR/NCB/W/31/2078/079) | 2078/079 | पूर्व निर्धारित क्षतिपूर्तिको समयमा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पादन जमानत जफत गरिएको | 1,49,28,312.8 | स्थानीय |
| ५ | Construction of Blacktop Roads, Sundarharaicha 02, 07, 9 and 10 (SHM/MOR/NCB/W-7/2079/080) | 2079/080 | १ पटक म्यादथप हुदाँ नि कार्यसम्पन्न नभएको र निर्माण व्यवसायी सम्पर्कमा नआएकोले कार्यसम्पादन जमानत जफत गरिएको | 67,51,976.8 | स्थानीय |
| ६ | Construction of Blacktop Roads and Laying Pebbles (Block) in different roads, Sundarharaicha 9, 10 and 12 (SHM/MOR/NCB/W-12/2079/080) | 2079/080 | २ पटक म्यादथप हुदाँ नि कार्यसम्पन्न नभएको र निर्माण व्यवसायी सम्पर्कमा नआएको | 1,07,78,348.14 | स्थानीय |
| ७ | Interlocking Block Road Construction Works of Bangali Tole to Ram Aa.Bi.Road Sundarharaicha 09 & Jestha Nagarik Marga Sundarharaicha 10 (SHM/MOR/NCB/W-43/2080/081) | 2080/081 | | 37,50,846.87 | स्थानीय |

# आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय मुख्य मुख्य कार्यहरु

- बेरूजु फर्योंटलाई अभियानकै रुपमा सञ्चालन गरी आ.व. २०८१/०८२ मा रू. ३२ करोड ७८ लाख २४ हजार ९०६ बेरुजुलाई फर्यौट गरिएको (जम्मा बेरूजुको ५७.३३% - एकै आर्थिक बर्षमा फछौंट गरिएको),
- फोहोरमैला व्यवस्थापन गर्ने कार्य (PPP Model मा लैजाने) अन्तिम तयारी रहेको,
- विपन्न नागरिकलाई धारा जडान – ११० घरमा
- विपन्न नागरिकलाई २ कोठे घर निर्माण – १५० वटा
- व्यसवाय दर्ता (१५० वटा गरिएको) तथा नविकरण (४०५ वटा गरिएको) गर्ने कार्य घुम्ति सेवालाई निरन्तरता दिइएको। आ.व. २०८१/०८२ मा थप रू. २७ लाख भन्दा बढी आन्तरिक आय बृद्धि भएको,
- आ.व. २०८१/०८२ को सुरूवात देखि नै त्रैमासिक रूपमा क्षेत्रगत समितिको समिक्षा हुने गरेको तथा सुचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५(३) अनुसार स्वतः प्रकाशनको हुने गरेको,
- उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने रू. १० लाख सम्मका आयोजनको सम्झौता तथा भुक्तानी सिफारिस सम्बन्धित वडा कार्यालयबाट नै हुने गरेको,
- श्रोत सुनिश्चित भए पश्चात मात्र आयोजा तथा कार्यक्रमको सम्झौता गर्ने कार्यको सफल अभ्यासको सुरुवात गरिए सँगै वित्तीय अनुसाशानलाई विशेष ध्यान दिइएको,
- कार्य सम्पादन सम्झौता गरिएको (नगर प्रमुख र प्र.प्र.अ.का बिच तथा प्र.प्र.अ. र शाखा प्रमुखका बिच),
- १४ औं नगरसभाबाट O&M स्वीकृत भएसँगै दरबन्दि अनुसार कर्मचारी व्यवस्थापन गरिएको तथा TOR का आधारमा कार्य जिम्मेवारी तोकिएको,
- घर नक्साको कार्य गर्दा अधिकांश कार्य वडा कार्यालयबाट नै हुने गरीको संयन्त्रको बिकास गरी कार्यान्वयनमा रहको तथा यस आर्थिक बर्षबाट Online प्रणालीबाट घरनक्सा पास तथा अभिलेखिकरण हुने गरेको,
- प्रविधि मैत्री सार्वजनिक सेवा प्रवाह गर्ने कार्यको थालनी गरीएको।

# बेरूजु र बेरूजु फछ्र्यौटको अवस्था

## मिति २०८१ श्रावण १ गते देखि २०८२ असार ३२ गते सम्मको विवरण

| क्र.सं | विवरण | आ.व. २०७४/७५ देखिको हाल सम्मको अध्यावधिक बेरुजुको आवस्था (४+५) | आ. २०८१/०८२ मा फर्छौट भएको बेरूजु (रू. मा) | फर्छौट हुन बाँकी रहेको बेरूजु रकम (रू.मा) | फर्छौटको प्रक्रियामा रहेको बेरूजु रकम (रू.मा) | आ.व. २०८०/०८१ मा कयम भएको बेरूजु रकम (रू.मा) |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | बेरूजु रकम | रू. ५७ करोड १७ लाख ६८ हजार ५५२ | रू. ३२ करोड ७८ लाख २४ हजार ९०६ | रू. २४ करोड ३९ लाख ४३ हजार ६४६ | रू. १ करोड ७ लाख ४ हजार १३८ | रू. ३ करोड ७१ लाख २७ हजार १४९ |

# उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक अभ्यासको विस्तृतीकरण

**विषयको शीर्षक (असल अभ्यासको नाम):** बेरूजु फर्यौटलाई अभियानकै रूपमा सञ्चालन गरी एकै आर्थिक बर्षमा (आ.व. २०८१/०८२ मा ) रू. ३२ करोड ७८ लाख २४ हजार ९०६ बेरुजुलाई फर्यौट गरिएको (जम्मा बेरूजुको ५७.३३% - एकै आर्थिक बर्षमा फछौंट गरिएको)

**पूर्व अभ्यास तथा अनुभव:**

- बेरूजुलाई सामान्य रुपमा लिने गरेको।

**परिवर्तन गरिएको मूख्य पक्षहरु:**

- बेरूजु फर्यौटका लागि Outsourcing मार्फत दक्ष व्यक्तित्वबाट सेवा करार मार्फत भएको,
- गत विगतको बेरूजु फर्यौटसँगै आउँदा दिनहरूमा बेरूजु नहुने गरी भुक्तानी प्रणालीलाई थप प्रभावकारी बनाइएको,

# उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक अभ्यासको विस्तृतीकरण

क्रमश...................

मुख्य सिकाई:

- सार्वजनिक निकायले खर्च गर्दा आय र व्ययको ध्यानमा राख्दै वित्तीय अनुसाशनको पलना  गर्दै विकास निर्माण, सेवा प्रवाह गर्नु पर्ने विषय मुख्य सिकाई रहयो ।

भावी योजना:

- सकेसम्म बेरूजु नहुने गरी कार्यहरू गर्ने,
- असुल गर्नुपर्ने बेरूजु असुल गर्दै अन्य बेरुजु हकमा कागजात पेश गर्नु पर्नेमा कागजात पेश गरेर तथा प्रक्रिया छुट भएको कारणबाट हुने बेरूजुलाई प्रक्रिया पुऱ्याई बेरूजु फर्यौट गर्ने कार्यलाई निरन्तरता दिने,
- सवै पक्षलाई कानुनले पुरा गर्नु पर्ने प्रक्रिया र पेश गर्नु पर्ने कागजातका सम्बन्धमा जानकारी मुलक कार्यक्रम सञ्चालनमा ल्याउने,
- स्थानीय सरकारले बनाउन पर्ने कानुन नबनाएको कारणबाट भएको बेरूजुलाई आउदा दिनमा कानुन बनाएर कानुनले निर्धारण गरेको विधि पद्दति बमोजिम काम गर्ने/गराउने,

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या

- संघीय सरकार/प्रदेश सरकारबाट दिएको सिलिङ्ग अनुसार बजेट निकासा नहुने गरेको,
- संघीय सरकार/प्रदेश सरकारबाट नै कार्यान्वय हुने गरी छनौट भएका आयोजनाहरूको कार्यान्वयनमा समन्वय नहुने गरेको,
- स्वास्थ्य सेवाका कर्मचारी समायोजन गर्दाको समयमा दरबन्दि भन्दा बढी कार्मचारी समायोजन गरी पठाईएको तर हाल उक्त दरबन्दी भन्दा बढी रहेका कर्मचारीहरूको तलबका लागि बजेट निकास समस्या हुने गरेको,
- भौतिक पूर्वाधारको काममा निर्माण व्यवसायीले समयमा काम नसक्ने प्रवृति (कानुनी प्रक्रियामा लैजान खोज्दा लामो समय लाग्ने),
- फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल्ड/डमपिङ्ग साईट/प्रसोधन केन्द्र व्यवस्थापन गर्न गाह्रो भएको,
- नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रि (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको हिस्सा ४० % रहने भएता पनि राजश्व संकलन गर्ने प्रणाली विकास गर्न प्रदेश सरकार मौन रहने गरेको।

# जिल्ला समन्वय समिति मोरङसँग अपेक्षा

- जिल्लामा रहेका पालिकाहरूको महिनामा एक पटक बैठक राखी जल्दावाल्दा समस्याहरूको छलफल गरी त्यसकको उचित निराकरण गर्न समन्वय बैठकको आयोजना गर्ने,
- जिल्लामा रहेका पालिकाहरूका समस्या, अवश्यकता तथा असल अभ्यासको आवाज माथिल्लो तहमा पुऱ्याउने,
- विपद् व्यवस्थापन (भूकम्प, बाढी, महामारी आदि) मा एकिकृत प्रणालीको विकास गरी सोहि अनुसार एकद्वार प्रणालीलाई सक्रिय बनाउने माथिल्लो तहमा पुऱ्याने,
- नदिज्य पदार्थको उत्खन्न, बिक्री वितरण लगायतका विषयमा नियमित अनुगमन गर्ने,
- संघीय तथा प्रदेश सरकारसँग प्रभावकारी समन्वय गर्ने/गराउने,
- जिल्ला भित्रका एक भन्दा बढी पालिका जोड्ने बाटो, पुल निर्माण जस्ता भौतिक निर्माण गर्ने कार्यमा समन्वय गर्ने,
- जिल्ला भित्रका पालिकाहरूको तथ्याङ्क संकलन, विश्लेषण तथा व्यवस्थापन गर्ने ।

# कोशी प्रदेश सरकारसँग अपेक्षा

- पालिका रहेका जनप्रतिनिधि तथा कार्मचारीहरूको क्षमता विकास गर्ने, (तालिम तथा प्रशिक्षणको माध्यमबाट),
- स्थानीय आवश्यकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरी समयमै बजेट निकासा गर्ने प्रणाली,
- संविधान र संघीय कानुन प्रतिकुल हुने कानुन निर्माण/प्रदेशले गर्ने निर्णय स्थिर हुने, (बन पैदावार बिक्रिको आम्दानीका आधारमा १०% स्थानीय सरकारलाई बुझाउनु पर्ने राजश्व (बिक्रि Vs. नाफा), ई रिक्शा व्यवस्थापन),
- नदिजन्य पदार्थको बिक्रिबाट प्राप्त गर्ने हिस्सामा प्रदेशको हिस्सा-४०% स्वतः प्राप्त हुने तर त्यसको बिक्रिका लागि गर्नु पर्ने कानुनी व्यवस्था, संरचनागत व्यवस्था तथा समन्वयात्मक विषयमा समेत पर्याप्त सहयोग तथा सहकार्य,
- दिगो तथा सन्तुलित विकासका लागि समुचित स्रोतसाधनको परिचालन गर्ने/गराउने प्रणालीको विकास,
- संघीय सरकार र पालिका सरकारका विचको संवैधानिक भूमिकालाई थप प्रभावकारी हुने गरी काम गर्न पर्ने,
- पालिकामा कार्यरत कर्मचारीहरूको व्यवस्थापन गर्ने कार्यलाई थप चुस्त दुरुस्त बनाउनु पर्ने देखिन्छ ।

# सङ्घीय सरकारसँग अपेक्षा

- समानिकरण अनुदान वपत प्राप्त हुने अनुदानको १००% रकम प्राप्त हुने सुनिश्चतता हुन पर्ने,
- स्थानीय आवश्यकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरी समयमै बजेट निकासा गर्ने प्रणाली,
- पालिका रहेका जनप्रतिनिधि तथा कार्मचारीहरूको क्षमता विकास गर्ने, (तालिम तथा प्रशिक्षणको माध्यमबाट),
- सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने/गराउने विषयमा नेतृत्व दायी भूमिका निर्वाह गर्नु पर्ने,
- संविधानको अनुसूची-९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेका विषयहरुको यथाँसिघ्र कानुन निर्माण भए स्थानीय सरकारले थप प्रभावकारी ढङ्गबाट कार्य गर्ने,
- आयोजना तथा कार्यक्रमका बारे संघ, प्रदेश र स्थानीय सरकारबाट के-कति रकम बराबारको विनियोजन हुन पर्ने सो को स्पष्ट मापदण्ड हुन पर्ने,
- फोहोरमैला व्यवस्थापन गर्ने कार्य स्थानीय सरकारको एकल प्रयासबाट मात्र व्यवस्थापन गर्न गाह्रो पर्ने हुँदा संघीय सरकारले समेत सो कार्यमा सहजिकरण गरिदिन पर्ने,
- कानुनत नापी र मालपोत कार्यालय स्थानीय सरकार अन्तर्गत रहेको तर व्यवहारत हालसम्म पनि संघीय सरकार अन्तर्गत नै रहेको हुँदा यथासिघ्र तत् निकायलाई स्थानीय सरकारलाई हस्तान्तरण गरिदिन पर्ने,
- राजश्व बाँडफाडको हिस्सामा पालिकाले प्राप्त गर्ने हिस्सा बढाउन पर्ने,
- सशर्त अनुदान मार्फत संघीय सरकारबाट प्राप्त अधिकांश आयोजना तथा कार्यक्रमको स्थानीय आवश्यकता भन्दा फरक हुने गरेको हुँदा सशर्त अनुदानको सट्टा समानिकरण अनुदानलाई बढाएर पठाउने ।

धन्यवाद ।